# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको

## चौबिसौं वार्षिक साधारण सभाको

### छलफल तथा निर्णयहरुको विवरण

(माईन्युट)

२०७९ फागुन १२ गते शुक्रबार

## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाडौं

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

चौबिसौं वार्षिक साधारण सभाको

छलफल तथा निर्णयहरूको विवरण

(माईन्युट)

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९।१०।१७ का दिन बसेको संचालक समितिको २९६औं बैठकको निर्णय अनुसार बोलाइएको संस्थाको चौबिसौं वार्षिक साधारण सभा २०७९।११।१२ गते शुक्रबार (फेब्रुअरी २४, २०२३) का दिन बिहान १०:०० बजे संस्थाको केन्द्रीय कार्यालय नक्साल भगवतीबहाल काठमाण्डौको सभाहलमा संचालन भयो । चौबिसौं वार्षिक साधारण सम्बन्धी सूचना मिति २०७९।१०।१९ गते बिहीबार तथा मिति २०७९।१०।२० गते शुक्रबारको "आर्थिक राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना प्रकाशित गरी शेयरधनीहरूलाई जानकारी गराइएको थियो ।

१. <u>वैधानिक सभा</u>:

कम्पनी ऐन २०६३ र यस संस्थाको नियमावली बमोजिम संस्थाको चौबिसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री शरद निधि तिवारीको सभापतित्वमा निम्न मिति, समय र स्थानमा सम्पन्न भयो । सो सभामा शेयरधनीहरूको उपस्थिति वैधानिकता र छलफलका विषय तथा निर्णयहरू निम्न बमोजिम रहेको छ ।

२. <u>सभा भएको मिति, स्थान र समय</u>:

मिति: २०७९ फागुन १२ गते, शुक्रबार (फेब्रुअरी २४, २०२३) ।

स्थान: निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय कार्यालय भगवतीबहाल, नक्साल, काठमाडौंको सभास्थलमा संचालन गरिएको ।

समय: बिहान १०:०० बजे सुरू भई दिउसो १२:३० बजे सम्पन्न भएको ।

३. <u>सभाको सूचना</u>:

कम्पनी ऐन २०६३ को दफा ६७ तथा यस संस्थाको नियमावलीको नियम ४(३) बमोजिम संस्थाको चौबिसौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७९।१०।१९ गते बिहीबार तथा मिति २०७९।१०।२० गते शुक्रबारको "आर्थिक राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना शेयरधनीहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

४. उपस्थिति:

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित संचालकहरू:

| | |
|---|---|
| ४.१.१ श्री शरद निधि तिवारी | अध्यक्ष |
| ४.१.२ श्री देबेन्द्र बहादुर राउत | संचालक |
| ४.१.३ श्री सन्तोष कुमार भट्टराई | संचालक |
| ४.१.४ श्री सुन्दर बास्तोला | संचालक |
| ४.१.५ श्री टोप बहादुर रायमाझी | संचालक |
| ४.१.६ श्री सम्प्रिता तिवारी | संचालक |

४.२ संस्थागत प्रतिनिधिको उपस्थिति:

| | |
|---|---|
| ४.२.१. श्री अन्जु पाण्डे | प्रतिनिधि, निर्धन संस्था |
| ४.२.२. श्री सन्तोष कुमार भट्टराई | प्रतिनिधि, एभरेष्ट बैंक लिमिटेड |
| ४.२.३. श्री सुन्दर बास्तोला | प्रतिनिधि, हिमालयन बैंक लिमिटेड |
| ४.२.४. श्री शेरान खान | प्रतिनिधि, नबिल बैंक लिमिटेड |
| ४.२.५. श्री सुमोद थापा | प्रतिनिधि, नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड |
| ४.२.६. श्री अन्जना त्रिपाठी | प्रतिनिधि, एनआइबिएल समृद्धि फण्ड(२) |
| ४.२.७. श्री रेनुका गुरूङ्ग | प्रतिनिधि, एनआइबिएल सहभागिता फण्ड |

४.३ अन्य आमन्त्रित कम्पनीका प्रतिनिधिहरूको उपस्थिति:

४.३.१ श्री दिपक मणी पोखरेल, सहायक रजिष्ट्रार कम्पनी रजिष्ट्रारको कार्यालय
४.३.२ श्री योगेश्वर भण्डारी अधिवक्ता, लिगल एक्सेस नेपाल
४.३.३ श्री सुष्मा दाहाल, अधिवक्ता, लिगल एक्सेस नेपाल

४.४ शेयरधनीहरूको उपस्थिति:

| | |
|---|---|
| संस्थापक शेयरधनीहरूको उपस्थिति संख्या: | १३ जना |
| सर्वसाधारण शेयरधनीहरूको उपस्थिति संख्या: | १६५ जना |
| **कुल उपस्थित शेयरधनी संख्या:** | **१७८ जना** |

४.५ कर्मचारीहरूको उपस्थिति:

सभामा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त, सहायक महाप्रवन्धक एवम कम्पनी सचिव श्री राम बहादुर चौधरी लगायत अन्य व्यवस्थापकिय, सहायक तथा सहयोगी श्रेणीका गरी कुल ३६ जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

५. गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार):

| विवरण | कित्ता | उपस्थिति | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| | | स्वयम् तथा प्रतिनिधि मार्फत | कुल | |
| शेयरधनी संख्या (भौतिक र अभौतिक ) | २२,४२८ | १७८ | १७८ | |
| ग्रहण गरेको कित्ता | २,१९,५०,२५० | १,४७,१३,३७३ | १,४७,१३,३७३ | ६७.०३% |

## ६. सभाको वैधानिकता र अध्यक्षता :

६.१ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम यस वित्तीय संस्थाको चौबिसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरू १७८ जना उपस्थित रहेका शेयरधनीहरुको शेयर संख्या १,४७,१३,३७३ भएको र कुल शेयरको ६७.०३ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम बिहान १०:०० बजे अध्यक्ष श्री शरद निधि तिवारीको अध्यक्षतामा यस संस्थाको चौबिसौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गर्नु भयो ।

६.३ अध्यक्षले सबै संचालकहरूको परिचय गराउनु भई सभाको कार्य अगाडि बढाउनुभयो ।

## ७. छलफलको विषयहरू

### (क) सामान्य प्रस्तावहरु:

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू (अन्य अनुसूचीहरू समेत) उपर छलफल गरी पारित गर्ने ।

(३) वित्तीय संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूंजीको १ प्रतिशतले हुन आउने रकम रू.२,१९,५०,२५०।- (अक्षरेपी दुई करोड उन्नाइस लाख पचास हजार दुई सय पचास मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(५) संस्थाको संचालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

### (ख) बिशेष प्रस्तावहरू:

(१) वित्तीय संस्थाको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि गर्ने ।

काठमाडौं २०५५

(२) संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व. २०७८/७९ सम्मको वितरण योग्य मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूंजीको १९ प्रतिशतले हुन आउने रकम रू.४१,७०,५४,७५०।– (अक्षरेपी एकचालिस करोड सत्तरी लाख चौवन्न हजार सात सय पचास मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

(३) वित्तीय संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

(४) वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थपघट गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा संशोधन, परिवर्तन, थपघट तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

(ग) विविध :

(घ) निर्वाचन :

(१) समूह "क" संस्थापक शेयरधनीहरूको प्रतिनिधित्व गर्नेगरी २ जना सञ्चालकको निर्वाचन गर्ने ।

(२) समूह "ख" सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्नेगरी २ जना सञ्चालकको निर्वाचन गर्ने ।

८. सभाको संचालन:

सभाको संचालन संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले गर्नु भएको थियो ।

९. आसन ग्रहण:

सभामा उपस्थित संचालक समितिका अध्यक्ष, संचालकहरू, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथिहरू, लेखापरीक्षक, संस्थापक र सर्वसाधारण शेयरधनीहरूलाई सभा संचालकले आसन ग्रहण गराउनु भयो ।

१०. स्वागत मन्तव्य:

संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरू, अतिथि, पत्रकार तथा कर्मचारीवर्गमा स्वागत गरी अध्यक्षज्यूको अनुमतिले सभाको शुरूवात गर्नुभयो ।

११. वार्षिक प्रतिवेदनको प्रस्तुति:

संस्थाका संचालक समितिका अध्यक्ष श्री शरद निधि तिवारीले संचालक समितिको तर्फबाट आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो र शेयरधनीहरूलाई अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो।

१२. छलफलका लागि सहभागी शेयरधनीहरू:

छलफलका लागि प्रस्तुत विषयवस्तुहरू उपर आफ्ना अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनीहरूले छलफलमा भाग लिनु भयो ।

१. श्री डमरू बल्लभ घिमिरे
२. श्री जगन्नाथ चालिसे
३. श्री गुणराज भट्ट
४. श्री सुदीप श्रेष्ठ
५. श्री शिव प्रसाद पौडेल

लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

६. श्री बिज्ञान भण्डारी

७. श्री शत्रुघन श्रेष्ठ

८. श्री ईन्द्र कृष्ण श्रेष्ठ

१३. छलफलमा सहभागी हुने शेयरधनीहरूले प्रकट गर्नु भएका बिचारहरू:

श्री डमरू बल्लभ घिमिरे:

- नेपाल राष्ट्र बैकका पूर्व गभर्नर श्री गणेश बहादुर थापाज्यू उपस्थित भई यस २४औं वार्षिक साधारण सभाको गरिमा बढाइदिनुभएकोमा गौरव महसुस भएको ।
- निर्धन उत्थान लघुवित्त वित्तीय संस्था आज यो अवस्थामा आउनुमा डा. हरिहरदेव पन्तलाई सम्झनुपर्छ ।
- यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था भएकोले गर्दा लघुवित्तको शिर ठाडो भएको छ ।
- अन्य संस्था भन्दा निर्धन संस्थाको बेग्लै पहिचान रहेको र अझ बढि रफ्तारमा अगाडि बढोस प्रगतिको शुभकामना ब्यक्त गर्नुभयो ।

श्री जगन्नाथ चालिसे:

- संस्थाका संस्थापक डा. हरिहर देव पन्तको सादा जीवन उच्च विचार, मितब्ययी ब्यवस्थापनले गर्दा नै निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाले सफलता हासिल गरेको हो ।
- डा. हरिहर देव पन्त नेपालमा लघुवित्तका पिता हुनुहुन्छ भन्दै सम्झना गर्नुभयो ।
- केन्द्रीय कार्यालय भैरहवा हुँदा डा. साहब खर्च मितव्ययी गर्न बास चढेर काठमाण्डौबाट भैरहवा जाने गरेको अनुभव अनुभूति सम्झना गर्नुभयो ।

श्री गुणराज भट्ट:

- लघुवित्त मिटरब्याजी नभएको बताउनुभयो ।
- लघुवित्तले विपन्न वर्गलाई ब्यवसाय, व्यापार गरी आम्दानी बढाउनको लागि लगानी गरेकोले वास्तविक कुरालाई बजारमा ल्याउनु पर्ने भन्नुभयो ।
- कर्मचारीहरूलाई अनुशासित भएर काम गर्न, अनावश्यक बन्द हड्ताल जस्ता क्रियाकलाप गर्न नहुने भन्नुभयो ।

श्री सुदीप श्रेष्ठ:

- साधारणसभाको बार्षिक प्रतिबेदनमा आर्थिक परिदृष्यहरू रेखाचित्रीय रूपमा चित्रण गरिएकोमा धन्यबाद ब्यक्त गर्नुभयो ।
- निर्धन उत्थान लघुवित्तको सफलताको लागि शुभकामना ब्यक्त गर्नुभयो ।

श्री शिव प्रसाद पौडेल:

- संस्थाको Fraction Share लाई पूर्ण अंकमा गराइदिन अनुरोध गर्नुभयो ।
- सामाजिक उत्तरदायित्वका कार्यहरू गर्दा अलि ठुलो ठुलो कार्यक्रम (जस्तै, अस्पतालहरूमा सहयोग) गर्नुहुन सुझाव दिनुभयो ।
- संस्था रहेमात्र कर्मचारी रहने भएकोले कर्मचारीको वृत्तिविकास हुनुपर्ने तर बन्द हड्ताल गर्न नहुने बताउनुभयो ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

श्री बिज्ञान भण्डारी:

- संस्थाको NPL बृद्धि भएको र यो त्रैमासिक रूपमा Fluctuation पनि भएकोले यसलाई योजना बनाएर न्यूनीकरण गर्न सुझाव दिनुभयो ।
- कर्जा र बचतको ब्याजदर परिवर्तन गर्दा यसले Interest Income मा कस्तो प्रभाव पर्छ, योजनाबद्ध रूपमा कार्यगर्न सुझाव दिनुभयो ।

श्री शत्रुघन श्रेष्ठ:

- निर्धन नेपालको पहिलो लघुवित्त भएको र यसले ग्रामिण महिला तथा विपन्न बर्गलाई सेवा प्रदान गरेको छ ।
- लघुवित्तलाई नकारात्मक रूपमा लिनु अज्ञानता रहेको, बैंकबाट कर्जा लिएपछि ऋणीले कर्जा तिर्नु पर्दछ भन्नुभयो ।
- निर्धन सदा सर्वदा शेयरधनीहरूप्रति प्रतिबद्ध छ, भन्दै शुभकामना ब्यक्त गर्नुभयो ।

श्री ईन्द्र कृष्ण श्रेष्ठ:

- Bonus Share छिटो Listing गर्नुहुन सुझाव दिनुभयो ।
- निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाको इज्जतसँगै शेयरधनीहरूको इज्जत जोडिएको बताउनुभयो ।
- संस्थाको थप सफलताको लागि शुभकामना ब्यक्त गर्नुभयो ।

१४. सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफ:

अध्यक्षज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्तले शेयरधनीहरूको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यवाद दिदैं उठेका जिज्ञासाहरू प्रष्ट पार्नु भएको थियो। साथै शेयरधनीहरूको राय, सल्लाह र सुझाव आत्मसात गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

१५. सभाको निर्णय:

(क) सामान्य प्रस्ताव सम्बन्धी निर्णय:

प्रस्ताव नं. १. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्णय: संचालक समितिको तर्फबाट अध्यक्षज्यूले स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं. २. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू (अन्य अनुसूचीहरू समेत) उपर छलफल गरी पारित गर्ने ।

निर्णय: लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण

काठमाडौं २०५५

लगायतका वित्तीय विवरणहरू (अन्य अनुसूचीहरू समेत) उपर छलफल गरी पारित गरियोस भनी सभा समक्ष राखिएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं. ३.** वित्तीय संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको १ प्रतिशतले हुन आउने रकम रू.२,१९,५०,२५०।०० (अक्षरेपी दुई करोड उन्नाइस लाख पचास हजार दुई सय पचास मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय:** वित्तीय संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको १ प्रतिशतले हुन आउने रकम रू.२,१९,५०,२५०।०० (अक्षरेपी दुई करोड उन्नाइस लाख पचास हजार दुई सय पचास मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न गरेको सिफारिस माथि छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं. ४.** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**निर्णय:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सिफारिस माथि छलफल गरियोस् भनि राखेको प्रस्तावमा संस्थाको लेखापरीक्षण समितिबाट चालु आर्थिक वर्ष २०७९/८० को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री जि. एण्ड जि एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स, अनामनगर, काठमाण्डौले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानून बमोजिम लेखापरीक्षण गर्न योग्य भएकोले श्री जि. एण्ड जि एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स, अनामनगर, काठमाण्डौलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ प्रमाणित गर्न तथा अंग्रेजी अनुबाद समेत गर्न पारिश्रमिक भ्याट सहित रु.५,००,०००। (अक्षरेपी पाँच लाख रुपैया मात्र) कायम गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिमको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं. ५.** संस्थाको संचालक समितिका सदस्यहरुको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

**निर्णय:** संस्थाको संचालक समितिमा संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्नु भएका सञ्चालक श्री देवेन्द्र बहादुर राउत, सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधिन्व गर्नु भएका सञ्चालकहरू श्री टोप बहादुर रायमाझी र श्रीमती सम्रिता तिवारीको सञ्चालक पदावधि २०७९।०८।२५ गते पुरा हुनेभएको तर साधारण सभा भइनसकेकोले संस्थाको मिति २०७९।०८।२१ गते बसेको २९४ औं बैठकले सञ्चालकहरू श्री देबेन्द्र बहादुर राउत, श्री टोप बहादुर रायमाझी र श्रीमती सम्रिता तिवारीको सञ्चालकको पदावधि

आगामी साधारण सभासम्मको लागि थप गरेको हुनाले सञ्चालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति संचालक समितिको तर्फबाट अध्यक्षज्यूले अनुमोदनका लागि सभामा प्रस्तुत गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

(ख) विशेष प्रस्ताव सम्बन्धी निर्णय:

प्रस्ताव नं. १: वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने ।

निर्णय: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम यस वित्तीय संस्थाको हाल कायम अधिकृत पूँजी रु. ३ अर्बलाई वृद्धि गरि रु.४ अर्ब पुऱ्याउने, जारी पूँजी तथा चुक्ता पूँजी रू. २ अर्ब १९ करोड ५० लाख २५ हजारबाट वृद्धि गरी रू. २ अर्ब ६१ करोड २० लाख ७९ हजार ७५० पुऱ्याउने सम्बन्धी संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने बिशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं. २: संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व. २०७८/७९ सम्मको वितरण योग्य मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजीको १९ प्रतिशतले हुन आउने रकम रू.४१,७०,५४,७५०।- (अक्षरेपी एकचालिस करोड सत्तरी लाख चौवन्न हजार सात सय पचास मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

निर्णय: संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आ.व. २०७८/७९ सम्मको वितरण योग्य मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजीको १९ प्रतिशतले हुन आउने रकम रू.४१,७०,५४,७५०।- (अक्षेरेपी एकचालिस करोड सत्तरी लाख चौवन्न हजार सात सय पचास मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं. ३: वित्तीय संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

निर्णय: साधारण सभामा प्रस्तुत भए अनुसारको वित्तीय संस्थाको प्रबन्धपत्रमा देहायको तिन महलेमा उल्लेख भए बमोजिम (प्रबन्धपत्रको दफा ५ को (क), (ख) र (ग) मा संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

क. प्रबन्धपत्रमा प्रस्तावित संशोधन सम्बन्धी तीन महले विवरण

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ५. कम्पनीको पूँजीको संरचना:<br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(क) कम्पनीको अधिकृत पूँजी रू.३,००,००,००,०००।- | दफा ५. कम्पनीको पूँजीको संरचना:<br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(क) कम्पनीको अधिकृत पूँजी रू.४,००,००,००,०००।- | संस्थाले बोनस शेयर जारी गरे पश्चात |

| | | |
|---|---|---|
| (अक्षरेपी तीन अर्ब रूपैया मात्र) हुनेछ । उक्त पूँजीलाई रू.१००।– का दरले तीन करोड थान साधारण शेयरमा विभाजित गरिएकोछ ।<br>(ख) कम्पनीको तत्काल जारी पूँजी रू.२,१९,५०,२५,०००।–<br>(अक्षरेपी दुई अर्ब उन्नाइस करोड पचास लाख पच्चीस हजार रूपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूँजी रू.२,१९,५०,२५,०००।–<br>(अक्षरेपी दुई अर्ब उन्नाइस करोड पचास लाख पच्चीस हजार रूपैया मात्र) रहेको छ । | (अक्षरेपी चार अर्ब रूपैया मात्र) हुनेछ । उक्त पूँजीलाई रू.१००।– का दरले चार करोड थान साधारण शेयरमा विभाजित गरिएकोछ ।<br>(ख) कम्पनीको तत्काल जारी पूँजी रू.२,६१,२०,७९,७५०।–<br>(अक्षरेपी दुई अर्ब एकसट्ठी करोड बीस लाख उनासी हजार सात सय पचास रूपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूँजी रू.२,६१,२०,७९,७५०।–<br>(अक्षरेपी दुई अर्ब एकसट्ठी करोड बीस लाख उनासी हजार सात सय पचास रूपैया मात्र) रहेको छ । | पूँजी वृद्धि भएकोले संशोधन गरिएको । |

**प्रस्ताव नं. ४:** वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थपघट गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा संशोधन, परिवर्तन, थपघट तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

**निर्णय:** वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थपघट गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा संशोधन, परिवर्तन, थपघट तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**(ग)** **विविध:**

**निर्णय:** वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने अख्तियारी सभाले सर्वसम्मत निर्णय गऱ्यो ।

**(घ)** **निर्वाचन कार्यक्रम:**

(१) समूह "क" संस्थापक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी २ जना संचालकको निर्वाचन गर्ने ।

(२) समूह "ख" सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी २ जना संचालकको निर्वाचन गर्ने ।

सभापतिले सभामा निर्वाचन अधिकृत श्री योगेश्वर भण्डारीलाई समुह “क” संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना र समुह “ख” सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना गरी जम्मा ४ जना संचालकहरुको निर्वाचनको कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी दिन र निर्वाचन परिणाम घोषणा गर्न आग्रह गर्नु भयो ।

निर्वाचन अधिकृत श्री योगेश्वर भण्डारीद्वारा निर्वाचन कार्यक्रम सम्बन्धी जानकारीको लागि मतदाता नामावली प्रकाशनदेखि निर्वाचन परिणाम घोषणसम्मको विस्तृत जानकारी तथा सूचनाहरु संस्थाको केन्द्रीय कार्यालय, भगवतीबहाल नक्साल काठमाडौंमा टाँस गरी सोही बमोजिम निर्वाचन सम्बन्धी कार्यक्रम अघि बढाइएकोमा समूह “क” संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालक निर्वाचनको उम्मेदवारीमा श्री हरि कृष्ण पन्त र श्री देवेन्द्र बहादुर राउतको मात्र मनोनयन पत्र दर्ता भएकोले श्री हरि कृष्ण पन्त र श्री देवेन्द्र बहादुर राउत ४ वर्षे कार्यकालको लागि संस्थाको नियमावलीको नियम ८ बमोजिम निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृतले घोषणा गर्नुभयो ।

साथै समूह “ख” सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालक निर्वाचनको उम्मेदवारीमा श्री टोप बहादुर रायमाझी र श्रीमती सम्रिता तिवारीको मात्र मनोनयन पत्र दर्ता भएकोले श्री टोप बहादुर रायमाझी र श्रीमती सम्रिता तिवारी ४ वर्षे कार्यकालको लागि संस्थाको नियमावलीको नियम ८ बमोजिम निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृतले घोषणा गर्नुभयो ।

१६. <u>धन्यवाद तथा सभा विसर्जन</u>:

अन्त्यमा, चौबिसौ वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि पुऱ्याउनु भएको सहयोग, सद्भाव र शेयरधनीहरूको अमुल्य राय, सल्लाह, सुझाव तथा उपस्थितिको लागि हार्दिक धन्यवाद दिदैं सभाका सभापतिले दिउँसो १२:३० बजे साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(राम बहादुर चौधरी)
कम्पनी सचिव




(शरद निधि तिवारी)
अध्यक्ष